# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन २० गते २०३६ साल

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

शाही नेपाली सैनिक विमान सेवा व्यापारिक उडान विकास समिति (गठन)

आदेश, २०३६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "शाही नेपाली सैनिक विमान सेवा व्यापारिक उडान विकास समिति (गठन) आदेश, २०३६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,–

"व्यापारिक उडान" भन्नाले भी. भी. आई. पी. फ्लाईट र सैनिक उडानबाहेक शाही नेपाली सैनिक विमान सेवाको जहाजहरूले विकास कार्य उद्धार कार्य, र अन्य कार्यको लागि गरिने साधारण वा चार्टर उडान सम्झनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको गठनः (१) शाही नेपाली सैनिक विमान सेवा व्यापारिक उडान विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

| | |
|---|---|
| (क) सम्माननीय रक्षा मन्त्री वा राज्यमन्त्री– | अध्यक्ष |
| (ख) सम्माननीय प्रधान सेनापति– | उपाध्यक्ष |
| (ग) सचिव, रक्षा मन्त्रालय– | सदस्य |
| (घ) अर्थ मन्त्रालयका सचिव वा प्रतिनिधि– | सदस्य |
| (ङ) बलाधिकृत, शाही नेपाली जंगी अड्डा– | सदस्य |
| (च) प्रबन्ध रथी, शाही नेपाली जंगी अड्डा– | सदस्य |
| (छ) व्यवस्था तथा युद्धकार्य निर्देशक, शाही नेपाली जंगी अड्डा– | सदस्य |
| (ज) सम्भार रथी, शाही नेपाली जंगी अड्डा– | सदस्य |
| (झ) पति, शाही नेपाली सैनिक विमान सेवा– | सदस्य-सचिव |

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) व्यापारिक उडानको निमित्त आवश्यक स्पेयर पार्टसलगायत अन्य जरूरी खर्चहरूको व्यवस्था मिलाउनु समितिको मुख्य कर्तव्य हुनेछ ।

(२) व्यापारिक उडानको माध्यमबाट शाही नेपाली सैनिक विमान सेवाको विकास तथा विस्तार कार्यको लागि समितिले आवश्यक देखेका काम गर्न सक्नेछ ।

(३) उप-दफा (१) र (२) मा उल्लेखित कर्तव्यको अतिरिक्त व्यापारिक उडानलाई बढी सक्षम, लाभदायक र कम खर्चिलो तुल्याउनको लागि समितिले आवश्यक देखेका अन्य काम गर्न सक्नेछ ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

238

(५) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. समितिको कोष: (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) व्यापारिक उडान गरी आर्जिएको रकमको पैंतीस प्रतिशत रकम र

(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) समितिको कोषको सञ्चालन समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

७. लेखा तथा लेखापरीक्षण: समितिको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएका तरीकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखाको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

८. अधिकार प्रत्यायोजन: समितिले आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. श्री ५ को सरकारसंग सम्पर्क: समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा रक्षा मन्त्रालयमार्फत् राख्नु पर्नेछ ।

१०. समितिको कार्यालय: समितिको प्रधान कार्यालय काठमाण्डौमा रहनेछ ।

आज्ञाले–
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।